## प्रस्तावनाः

धितोपत्र कारोबार ऐन, २०४० को दफा ३५क. र धितोपत्र कारोबार नियमावली, २०५० को नियम २६ख. ले दिएको अधिकार प्रयोग गरी धितोपत्र बोर्डले देहायको धितोपत्र दलाल व्यवसायीहरुले पालना गर्नुपर्ने व्यवसायीक मर्यादा सम्बन्धी निर्देशिका बनाई लागु गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो निर्देशिकाको नाम "धितोपत्र दलाल व्यवसायीले पालना गर्नूपर्ने व्यवसायीक मर्यादा सम्बन्धी निर्देशिका, २०५८" रहेकोछ ।

१.२ यो निर्देशिका धितोपत्र बोर्डले सार्वजनिक सूचना प्रकाशित गरी तोकेको मिति देखि प्रारम्भ हूनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "ऐन" भन्नाले धितोपत्र कारोबार ऐन, २०४० सम्झनु पर्छ ।

(ख) "नियमवाली" भन्नाले धितोपत्र कारोबार नियमावली, २०४० सम्झनू पर्छ ।

(ग) "धितोपत्र दलाल व्यवसायी" भन्नाले धितोपत्र विनिमय बजारद्वारा सञ्चालित बजारमा धितोपत्र खरीद र बिक्री वा विनिमय सेवा प्रदान गर्ने ऐनको दफा१९ बमोजिम धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ ।

३. उद्देश्यहरुः

३.१ धितोपत्र दलाल व्यवसायीले प्रदान गर्ने धितोपत्र खरीद र बिक्री वा विनिमय सम्बन्धी सेवालाई पारदर्शी, विश्वसनीय तथा मर्यादित रुपमा सञ्चालन गर्ने ।

३.२. उपदफा घ.१ मा उल्लेखित उद्देश्य प्राप्तिका लागि धितोपत्र दलाल व्यवसायीको ग्राहक, धितोपत्र बजार, धितोपत्र बार्ड र अन्य सम्वद्ध व्यक्ति वा संस्थासंगको सम्बन्ध र व्यवहारलाई सुदृढ र सुमधूर बनाउने ।

४. निर्देशिकाको पालना गर्नुपर्नेः

लगानीकर्ता, सम्बन्धित धितोपत्र दलाल व्यवसायीहरु र धितोपत्र बजारसंग सम्वद्ध हुने सबैको हितको सम्बर्द्धनका लागि यस निर्देशिकाको पालना गरी उच्च व्यवसायीक मर्यादा कायम राख्नु सम्बन्धित सबै धितोपत्र दलाल व्यवसायीहरुको कर्तव्य हुनेछ ।

५. ग्राहक प्रतिको कर्तव्यः धितोपत्र दलाल व्यवसायीहरुले आफ्नो व्यवसाय सञ्चालन गर्दा गराउदा ग्राहक प्रति देहाय बमोजिमको कर्तव्य पालन गर्नु गराउनु पर्नेछः

५.१ इमान्दारिता र स्वच्छताः

धितोपत्र दलाल व्यवसायीले धितोपत्र कारोबार गर्दा आवश्यक सावधानी अपनाई दक्षता, इमानदारीता र स्वच्छता पुर्वक गर्नु गराउनु पर्दछ । त्यसरी कारोबार गर्दा ग्राहकहरुको हितलाई विशेष ध्यान दिनुपर्दछ । धितोपत्र दलाल व्यवसायीले दलाली दस्तूर प्राप्त गर्ने उद्देश्यले ग्राहकलाई धितोपत्र कारोबार गर्न प्रोत्साहन गर्न हुँदैन । धितोपत्र दलाल व्यवसायीको रुपमा ग्राहकसंग कारोबार गर्दा कारोबार गर्ने व्यक्तिले आफू सञ्चालक, प्रतिनिधि वा कर्मचारी के हो सो बारे समेत ग्राहकलाई स्पष्ट जानकारी गराउनु पर्दछ ।

५.२ संगठित संस्था र बजार सम्बन्धी जानकारीः

कूनै पनि संगठित संस्थाको धितोपत्रमा लगानी गर्ने उद्देश्यले आफू समक्ष आएको ग्राहकलाई धितोपत्र दलाल व्यवसायीले लगानी सम्बन्धी सल्लाह प्रदान गर्दा सम्बन्धित संगठित संस्थाको सम्बन्धमा आफुले जानेबुझेसम्मका सुचनाहरु, आर्थिक विवरण र व्यवसायीक क्रियाकलापका बारेमा जानकारी दिई उचित सल्लाह र सूझाव दिनु पर्दछ । आफुलाई जानकारी नभएको क्षेत्र र संगठित संस्थाको हकमा सोही कुरा ग्राहकलाई बताउनु पर्नेछ ।

५.३ आदेशको शिघ्र र सर्वोत्तमरुपमा कार्यान्वयनः

धितोपत्र दलाल व्यवसायीले ग्राहकहरुको आदेश वा निर्देशन बमोजिम गर्नुपर्ने कार्य यथासम्भव छिटो गर्न गराउन प्रयास गर्नु पर्दछ । ग्राहकहरुबाट प्राप्त धितोपत्र खरीद बिक्री आदेशको यथासम्भव उच्च प्राथमिकतासाथ कार्यान्वयन गर्नु गराउनु पर्दछ । आफुले ग्राहकबाट प्राप्त गरेको खरीद बिक्री आदेश कार्यन्वयन गर्न नसक्ने भएमा त्यस्तो धितोपत्र आफ्नो वा अरु कसैको फाइदाको लागि आफैले राख्ने वा बिक्री हुन सक्नेमा बिक्री नगरी फिर्ता गर्न समेत हुँदैन ।

५.४ ग्राहकको सही पहिचान गर्नुपर्नेः

धितोपत्र दलाल व्यवसायीले आफ्नो ग्राहकको सम्बन्धमा सत्य तथा पूर्ण विवरण प्राप्त गर्ने प्रयास गर्नुपर्दछ । साथै ग्राहकको आर्थिक अवस्था, लगानी सम्बन्धी अनुभव र लगानीका उद्देश्यहरु वारे समेत जानकारी लिनुपर्दछ ।

५.५ ग्राहकहरुप्रति समान व्यवहार गर्नुपर्नेः

धितोपत्र दलाल व्यवसायीले कारोवारको मात्राको आधारमा वा अन्य कुनै आधारमा ग्राहकहरु वीच भेदभाव गर्नु हुँदैन । सानो मात्राको कारोवारको लागि आदेश आएमा पनि त्यसलाई इन्कार गर्नु हुँदैन ।

५.६ ग्राहकको लगानी सम्बन्धी गोप्यता कायम राख्नुपर्नेः

धितोपत्र दलाल व्यवसायीले ग्राहकसंग कारोवारको सिलसिलामा थाहा पाएको ग्राहकको व्यक्तिगत लगानी क्षमता र अन्य गोपनीय प्रकृतिका सुचना वा जानकारी अन्य पक्षलाई जानकारी गराउन वा त्यस सम्बन्धमा छलफल गर्नु गराउनु हुँदैन ।

६. ग्राहकको हितको सुरक्षाः ग्राहकको हित र सुविधालाई ध्यानमा राखी धितोपत्र दलाल व्यवसायीले देहाय बमोजिम व्यवस्था गर्नु गराउनु पर्नेछ ।

६.१ ग्राहकको सम्पत्तिको सुरक्षाः

धितोपत्र दलाल व्यवसायीले ग्राहकको लगानी रकम सम्बन्धी हरहिसाव सही र सुरक्षित तवरले राख्न ग्राहकबाट प्राप्त नगद र धितोपत्रको प्रमाणपत्र बुझिलिएपछि त्यसरी बुझिलिएको निस्सा दिने व्यवस्था गर्नुपर्दछ ।

६.२ ग्राहकका लागि छुट्टाछुट्टै खाता राख्नुपर्नेः

धितोपत्र दलाल व्यवसायीले धितोपत्र खरीद, बिक्री कारोवार गर्ने प्रत्येक ग्राहकको छुट्टाछुट्टै खातामा अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ। त्यस्तो खातामा ग्राहकहरुको तर्फबाट भएको कारोवार सम्बन्धी यथार्थ अभिलेख राख्नुपर्दछ।

६.३ आदेशको अभिलेख र कार्यान्वयनः

धितोपत्र दलाल व्यवसायले धितोपत्र खरीद, बिक्रीका लागि ग्राहकहरुबाट प्राप्त आदेशहरुको मिति र समय अनुसार क्रमबद्ध रुपमा अभिलेख राख्नुपर्दछ र सोही क्रम अनुसार आदेश कार्यान्वयन गर्ने गराउने गर्नुपर्दछ।

६.४ व्यवसाय बारे जानकारी दिनुपर्नेः

धितोपत्र दलाल व्यवसायीले आफुले गरेको व्यवसाय, ग्राहकहरुलाई प्रदान गरिने सेवा र सम्बन्धित कर्मचारी तथा प्रतिनिधि वारे ग्राहकलाई पूर्ण जानकारी दिनु पर्दछ। ग्राहकले माग गरेमा धितोपत्र दलाल व्यवसायीले आफ्नो व्यवसायको वित्तीय स्थिति दर्शाउने लेखापरिक्षण भएको अद्यावधिक आर्थिक विवरण (वासलात र नाफा नोक्सान हिसाव) उपलव्ध गराउनुपर्दछ। साथै हालमा वित्तीय स्थितिमा कुनै परिवर्तन भएको भए सो समेत जानकारी दिनु पर्दछ।

६.५ सूचना तथा जानकारीको प्रवाहः

धितोपत्र दलाल व्यवसायीले प्रत्येक ग्राहकलाई नीजको खातामा उल्लेखित कारोवारसंग सम्बन्धित जानकारीहरु नियमित रुपमा दिनुपर्दछ।

६.६ गुनासो सुन्ने व्यवस्था गर्नुपर्नेः

धितोपत्र दलाल व्यवसायीले धितोपत्र कारोवारका सम्बन्धित ग्राहकबाट प्राप्त हुन सक्ने गुनासोहरुको सम्बन्धमा सकेसम्म चाँडो छानविन तथा समाधान गरी सम्बन्धित ग्राहकलाई जानकारी दिने र आफुबाट समाधान हुन नसक्ने प्रकृतिका गुनासाहरु भए प्रचलित कानुन बमोजिम चाल्न सकिने थप उपायका बारे ग्राहकलाई सूझाव दिनुपर्दछ।

६.७ कारोवारको जानकारी दिनुपर्नेः

धितोपत्र खरीद, विक्रीका लागि ग्राहकबाट प्राप्त आदेश अनुसार कारोवार भए नभएको सम्बन्धमा धितोपत्र दलाल व्यवसायीले सम्बन्धित ग्राहकहरुलाई तुरुन्त जानकारी दिनुपर्दछ र बिक्री कारोवार गरेको भए तुरुन्त भुक्तानी दिने र खरीद कारोवार गरेको भए शेयर प्रमाणपत्र प्राप्तिका लागि तुरुन्त कारवाही अगाडि बढाउने व्यवस्था गर्नुपर्दछ।

६.८ कारोवार जानकारी फारम जारी गर्नुपर्नेः

धितोपत्र दलाल व्यवसायीले धितोपत्र कारोवार सम्पन्न गरेपछि धितोपत्र विनिमय बजारद्वारा निर्धारित ढाँचाको फारममा कारोवार भएको संस्थाको नाम, कारोवार भएको शेयरको मुल्य र संख्या, दलाली दस्तूर, ग्राहकले पाउने वा दिनुपर्ने खूद रकम र राफसाफ हुने मिति जस्ता कुराहरु खुलाई सम्बन्धित ग्राहकलाई तुरुन्त जानकारी दिनुपर्दछ।

६.९ खराव आचरण देखिएको ग्राहकसँग कारोवार गर्न नहुनेः

धितोपत्र दलाल व्यवसायीले अन्य धितोपत्र दलाल व्यवसायीसँगको कारोवारमा आफ्नो प्रतिबद्धता पूरा नगर्ने वा नगरेका ग्राहकहरुका लागि धितोपत्र कारोवार गरिदिनु हुँदैन ।

७. नियमन निकायहरुप्रतिको कर्तव्यः धितोपत्र दलाल व्यवसायीहरुको नियमन निकाय प्रति कर्तव्य देहाय बमोजिम हुनेछ ।

७.१ हिसाव किताव र विवरणहरु अद्यावधिक गराई राख्नुपर्नेः धितोपत्र दलाल व्यवसायीले आफ्नो आर्थिक तथा कारोवार सम्बन्धी अभिलेखहरु तथा विवरणहरु नियमन निकायहरुबाट तोकिएका ढाचा अनुसार अद्यावधिक गराई राख्नुपर्दछ र कुनै पनि वखत निरीक्षण हुने भएमा माग भएका विवरण उपलब्ध गराउन सकिने गरी राख्नुपर्दछ ।

७.२ विवरणहरु पेश गर्नुपर्नेः

धितोपत्र दलाल व्यवसायीले ऐन र नियमावलीमा भएका व्यवस्था बमोजिम नाफा नोक्सान हिसाव, वासलात र नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन तोकिएको समयावधिभित्र धितोपत्र बोर्ड समक्ष पेश गर्नुपर्दछ । त्यस्तै धितोपत्र बजारको सदस्यता तथा कारोवार विनियममा तोकिएका विवरणहरु सम्बन्धित धितोपत्र विनिमय बजार समक्ष पेश गर्नुपर्दछ ।

७.३ निर्देशनको पालना गर्नुपर्नेः

धितोपत्र बोर्ड तथा धितोपत्र विनिमय बजारबाट समय समयमा दिइने निर्देशनहरुको पूर्णरुपले पालना गर्नु धितोपत्र दलाल व्यवसायीको कर्तव्य हुनेछ ।

७.४ विज्ञापन तथा प्रचार प्रसार गर्न नहुनेः

धितोपत्र विनिमय बजारले अनुमति नदिएसम्म धितोपत्र दलाल व्यवसायीले आफ्नो व्यवसाय वारे विज्ञापन तथा प्रचार प्रसार गर्नु हुँदैन । धितोपत्र कारोवार सम्बन्धी विज्ञापनमा कुनै पनि झुठो वा गलत सूचना तथा जानकारीहरु समावेश गर्नु हुँदैन ।

७.५ धितोपत्र बोर्डलाई जानकारी दिनुपर्नेः देहायको अवस्थामा धितोपत्र दलाल व्यवसायीले यथाशीघ्र छिटो धितोपत्र बोर्डलाई जानकारी दिनुपर्नेछ ।

क. ऐन र ऐन अर्न्तगत बनेका नियम, विनियम तथा निर्देशिकामा भएका व्यवस्थाहरुको कसैबाट उल्लघँन भएमा वा उल्लघँन हुने वा पालना नहुने आशंका भएमा धितोपत्र दलाल व्यवसायीले सो को यथार्थ विवरण सहित धितोपत्र बोर्डलाई तुरुन्त जानकारी दिनुपर्दछ ।

ख. कुनै धितोपत्र दलाल व्यवसायीको संगठनात्मक स्वरुप परिवर्तन भई वा अन्य कुनै कारणले सञ्चालक समितिमा कुनै परिवर्तन भएमा वा कुनै सञ्चालक धितोपत्र व्यवसायीको निमित्त अयोग्य भएमा सो को जानकारी धितोपत्र बोर्डलाई दिनुपर्नेछ ।

ग. धितोपत्र दलाल व्यवसायीको कारोवार लेखा प्रणाली तथा राफसाफ प्रणाली तथा अन्य कुनै उपकरणको कार्य प्रकृयामा कुनै अवरोध श्रृजना भएमा सो को जानकारी धितोपत्र बोर्डलाई तुरुन्त दिनुपर्दछ ।

घ. धितोपत्र दलाल व्यवसायीलाई कम्पनी रजिष्टारको कार्यालय, धितोपत्र बजार जस्ता नियमन निकायबाट कुनै कारवाही भएको वा अनुमति पत्र स्थगन वा खारेजी गरेको वा तत्सम्बन्धमा कुनै कारवाही गरेको भए सो कुरा धितोपत्र बोर्डलाई तुरुन्त जानकारी दिनु पर्दछ ।

ङ. धितोपत्र दलाल व्यवसायीको रुपमा कार्य गरी काम गरिरहेको संस्थाले खारेजी पूनः संरचना, अन्य कम्पनीमा गाभिने वा विघटन सम्बन्धी कुनै प्रस्ताव पारित गरेको भएमा सो सम्बन्धी जानकारी धितोपत्र बोडलाई तुरुन्त दिनु पर्दछ ।

८. अन्य धितोपत्र दलाल व्यवसायीहरु प्रतिको कर्तव्यः धितोपत्र दलाल व्यवसायीहरुको अन्य धितोपत्र दलाल व्यवसायी प्रतिको कर्तव्य देहाय बमोजिम हुनेछ ।

८.१ सहयोग गर्नुपर्नेः

एक धितोपत्र दलाल व्यवसायी र अर्को धितोपत्र दलाल व्यवसायी वीच भएको कारोबार मिलान हुन नसकेमा त्यस्तो हिसाब मिलान गर्न एक आपसमा सहयोग गर्नुपर्दछ । साथै कारोवारको सिलसिलामा अस्पष्ट तथा अपुरो कागजातहरु उपलव्ध गराउनु हुँदैन र यदि त्यस्तो हुन गएमा सही कागजातहरु तुरुन्त उपलव्ध गराउन सहयोग गर्नुपर्दछ ।

८.२ धितोपत्र कारोवारको हिसाब राफसाफ गर्नूपर्नेः

धितोपत्र दलाल व्यवसायीले धितोपत्र कारोवार गर्दा आफुले वहन गर्नुपर्ने सम्पूर्ण दायित्वहरु पुरा गरी कारोवारको हिसाब राफसाफ गर्नुपर्दछ ।

८.३ ग्राहक माथि अनुचित प्रभाव पार्न नहुनेः

अन्य धितोपत्र दलाल व्यवसायीका ग्राहकहरुलाई आफुप्रति आकर्षित गराउन अस्वस्थ उपायहरु अवलम्वन गर्नु गराउनु हुँदैन ।

९. अन्य कर्तव्यहरुः धितोपत्र दलाल व्यवसायीको अन्य कर्तब्यहरु देहाय बमोजिम हुनेछ ।

९.१ ग्राहकको हितको सुरक्षाः

ग्राहकहरुले पाउनुपर्ने लाभांश, बोनस शेयर तथा हकप्रद शेयर लगायत अन्य अधिकार सम्बन्धमा सम्बन्धित ग्राहकलाई स्पष्ट जानकारी दिनुपर्दछ र त्यसरी प्राप्त हुन सक्ने लाभ ग्राहकलाई दिलाउन धितोपत्र दलाल व्यवसायीले पूर्ण सहयोग गर्नुपर्दछ ।

९.२ योग्य कर्मचारी, प्रतिनिधिको व्यवस्था गर्नुपर्नेः ग्राहकहरुलाई स्वच्छ र छिटो छरितो रुपमा प्रतिस्पर्धी सेवा प्रदान गर्नका लागि धितोपत्र दलाल व्यवसायीले नियुक्त गर्ने कर्मचारी तथा प्रतिनिधि योग्य, व्यावसायीक तालिम प्राप्त तथा अनुभवी हुनुपर्दछ । साथै त्यस्ता कर्मचारी तथा आफ्नो तर्फबाट त्यस्तो व्यवसाय गर्ने व्यक्तिको काम कारवाहीको सुपरिवेक्षण गर्न पर्याप्त साधन श्रोत भएको तथा त्यसरी सुपरिवेक्षण समेत हुने गरेको कुरा समेत सुनिश्चित गर्नु पर्दछ ।

९.३ आन्तरिक नियन्त्रण तथा वित्तीय श्रोत साधनहरुको व्यवस्था गर्नुपर्नेः

धितोपत्र दलाल व्यवसायीले गर्ने धितोपत्र व्यवसाय सम्बन्धी काम कारवाही, लगानीकर्ताहरु र अन्य धितोपत्र व्यवसायीहरुको सुरक्षा गर्न सुव्यवस्थित आन्तरिक नियन्त्रण व्यवस्था र वित्तीय सक्षमता अपनाउनु पर्दछ ।

९.४ ऐन, नियमको पालना गर्नुपर्नेः

लगानीकर्ताहरुको हित र बजारको साखलाई प्रबर्द्धन गर्न ऐन, नियमावली, धितोपत्र बजारको सदस्यता तथा कारोवार विनियमवली, २०५५ तथा यो निर्देशिका र अन्य सम्बन्धित भएका व्यवस्थाहरुको पालना गर्नुपर्दछ ।

९.५ गलत अभ्यासहरुमा संलग्न हुन नहुनेः

धितोपत्र दलाल व्यवसायीले आफु एक्लैले वा अन्य समुहसँग मिलेर झुटो वा कृतिम बजारको श्रृजना गर्ने तथा बजारको स्वच्छ र सफल सञ्चालनमा बाधा अड्चन ल्याउने जस्ता गलत कार्यहरु गर्नु हुँदैन । साथै ठगी, जालसाजी, नभएको कारोबार देखाउने, सट्टाबाजी जस्ता गलत अभ्यासहरुबाट टाढा रहनु पर्दछ । आफ्नो वित्तीय स्थितिले नभ्याउने गरी ठुलो रकमको कारोवार गर्नु हुँदैन ।

९.६ प्रतिनिधि तथा कर्मचारीको कार्य प्रतिको जिम्मेवारीः

धितोपत्र कारोवारको सम्बन्धमा धितोपत्र दलाल व्यवसायीको प्रतिनिधि तथा कर्मचारीले गरेको काम कारवाही प्रति सम्बन्धित धितोपत्र दलाल व्यवसायीले संस्थागत जिम्मेवारी समेत लिनु पर्नेछ ।